लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल ।
फोन नं. : ०८२-५४०८५०

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ(४) र घ(६), तथा दफा ६१ ले दिएको अधिकार प्रयोग गरी लमही नगरपालिका, नगरकार्यापालिकाको कार्यालय लमही दाङले मिति २०८०/०३/१० गतेको तेह्रौं नगरसभा बाट पारित दररेटमा तपशिलमा उल्लेखित आय शिर्षकमाहरूमा न्युनतम ठेक्का अंक नघटने गरी आ.व.२०८०/०८१ का लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले E-Bidding मार्फत बोलपत्र, E-Bidding मार्फत सिलवन्दी दरभाउपत्र (जडिबुटी, कवाडी तथा जीवजन्तु कर र विज्ञापन कर) डम्पिङ साइटबाट प्रशोधन गर्न लायक कवाडीजन्य मालसामान (प्लास्टिक, कागज,फलाम आदी) संकलन गरी बिक्रि गर्ने प्रयोजनको लागि सिलवन्दी दरभाउपत्र आव्हानको गरिएको छ ।

## बोलपत्र/ सिलवन्दी आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८०/०३/२९

| सि.न. | कर विषय (शिर्षक) | कार्यालयको न्युनतम अंक (रू.) | दरभाउ पत्र फाराम दस्तुर (रू.) | ठेक्का अवधि | खरिद तथा दाखिला गर्ने म्याद |
|---|---|---|---|---|---|
| आय ठेक्का नं. ०१ २०८०/०८१ | जडिवुटी,कवाडी माल,जिवीत जीवजन्तु (दोपाया वा चौपाया) निकासी कर र मृत जीवजन्तु बाट उत्सर्जित वस्तुको पुनःउपयोग वा नगर निकासी गरी व्यावसायिक उपयोग गरे वापत जडिवुटी, कवाडी तथा जीवजन्तु कर | २०,००,०००/- (अक्षरूपी वीस लाख मात्र) (मू.अ.कर बाहेक) | १,०००/- (फिर्ता नहुने गरी) | २०८१ असार मसान्त सम्म | १५ दिन |
| आय ठेक्का नं. ०२ २०८०/०८१ | ढुंगा,गिट्टी,बालुवा,माटो,काठ,दाउरा, जराजुरी आदि प्राकृतिक वस्तुको विक्री तथा निकासी शुल्क,दस्तुर संकलन | ५०,००,०००/- (अक्षरूपी पचास लाख मात्र) (मू.अ.कर बाहेक) | ३००० /– (फिर्ता नहुने गरी) | २०८१ असार मसान्त सम्म | ३० दिन |
| आय ठेक्का नं. ३ २०८०/०८१ | विज्ञापन कर | ७,००,०००/– (अक्षरूपी सात लाख मात्र) (मू.अ.कर बाहेक) | १००० /– (फिर्ता नहुने गरी) | २०८१ असार मसान्त | १५ दिन |

८०/३/२८

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| आय<br><br>ठेक्का नं ०४-२०८०।०८१ | डम्पिङ्ग साईटबाट कवाडीजन्य मालसामान संकलन गरी बिक्रि गर्ने | प्रति महिना रु. १२,५०१।- (बाह्र हजार पाच सय एक मात्र) (मू.अ.कर बाहेक) | १,०००/- (फिर्ता नहुने गरी) | २०८१ असार मसान्त सम्म | १५ दिन |

शुल्क लिने दररेटः– लमही नगरपालिकाको आर्थिक ऐन,२०८०

आवश्यक कागजात तथा शर्तहरु:

१. योग्य इच्छुक फर्मले आ.व.२०७९/०८० सम्मको लागि नविकरण भएको फर्म वा कम्पनीको इजाजतपत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व.२०७९/०८० सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै अन्य आवश्यक कागजातको प्रतिलिपीका साथ बोलपत्र/दरभाउपत्र फाराम पेश गर्नुपर्ने छ।आय ठेक्का नं ४ हकमा योग्य इच्छुक व्यक्तिले नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

२. बोलपत्रदाताहरुले/सिलवन्दी दरभाउपत्रदाताहरुले उपयुक्त ठेक्काहरूको बोलपत्र/सिलवन्दी दरभाउपत्रदाताहरुले छुट्टा छुट्टै खरीद गरी छुट्टा छुट्टै उल्लेख गरी पेश गर्नु पर्नेछ । खरिद भएको बोलपत्रहरुको /सिलवन्दी दरभाउपत्रको प्रत्येक पानामा सहीछाप गरी फर्मको नाम, ठेगाना, ठेक्काको नाम र नम्वर लेखी पेश गर्नुपर्ने छ ।

३. बोलपत्र /सिलवन्दी सूचना प्रथम पटक प्रकाशित मितिले ३०/१५ दिन भित्र बोलपत्र /सिलवन्दी दरभाउपत्र दस्तुर दर्ता प्रमाणपत्र सहित राष्ट्रिय वाणिज्य बैंकको लमही शाखामा रहेको आन्तरिक राजश्व खाता नं ४२९०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचरको scan copy पेश गरी www. bolpatra. gov. np /egp बाट बोलपत्र खरिद गरी ३१औं/१६औं दिनको १२:०० बजेभित्र रित पुर्वकको बोलपत्र पेश गर्नुपर्नेछ। आय ठेक्का नं ४ हकमा कार्यालय बाट दरभाउपत्र खरीद गरी १६औं दिनको १२:०० बजेभित्र रित पुर्वकको सिलवन्दी दरभाउपत्र कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. बोलपत्रदाताहरुले धरौटी वापतको कबोल गरेको अंकको (मूल्य अभिवृद्धि कर बाहेक) ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको लमही शाखामा रहेको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं ४२९०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा १२० दिन सम्म मान्य अवधि भएको बैंकले जारी गरिएको सक्कल जमानतपत्र पेश गर्नुपर्ने छ । आय ठेक्का नं ४ हकमा दरभाउपत्रका साथ आफै पेश गर्नुपर्ने छ वा आफ्नो प्रतिनिधिद्धारा ५ प्रतिशतले हुन आउने) रकम जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ।त्यस्तो धरौटी रकम ठेक्का म्याद समाप्त भएको अर्को आर्थिक वर्षमा कर चुक्ता प्रमाणपत्र पेश गरे पश्यात मात्र फुकुवा हुनेछ।

५. E-Bidding मार्फत / कार्यालयमा पेश हुन आएका बोलपत्रहरु/सिलवन्दीहरु ३१औं/१६औं दिन, दिनको २:०० वजे यस कार्यालयमा कार्यालयका प्रतिनिधिहरू एवं बोलपत्रदाताहरु/सिलबन्दीदाताहरु वा निजको प्रतिनिधिको रोहवरमा खेलिने छ।बोलपत्रदाता/सिलबन्दीदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्रहरु/सिलबन्दीहरु खोल्न बाधा पर्नै छैन।

६. बोलपत्र/सिलबन्दी खरिद गर्ने, दखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै सो को भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ।

७. बोलपत्रमा/ सिलबन्दी निर्धारित न्युनतम अंक नघटने गरी आफुले कवोल अंकको (मूल्य अभिवृद्धि कर बाहेक) ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

८. म्याद नाघि आएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन।

नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

९. बोलपत्र/सिलबन्दी स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र सम्बन्धित ठेक्काको मु. अ. कर बाहेक ठेक्का अंकको रकम यस कार्यालयमा र कवोल अंकको १३ प्रतिशतले हुन आउने मू. अ. कर र १.५ प्रतिशतले हुन आउने अग्रिम आय कर रकम आन्तरिक राजश्व कार्यालयमा दाखिल भएको प्रमाण सहित कबोल अंकको शत प्रतिशतले हुन आउने रकम यस कार्यालयको लमही शाखामा रहेको राष्ट्रिय वाणिज्य बैंकको आन्तरिक राजश्व खाता नं ४२९०१००३०१०१०००२ मा दाखिला गरी सम्झौता हुनेछ। साथै ठेक्का नं १ र २ हकमा कवोल अंकको शत प्रतिशत बुझाउन नसकी ५० प्रतिशत मात्र बुझाएमा बाँकी ५० प्रतिशतले हुन आउने दोस्रो किस्ता वापतको रकम २०८१ चैत मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ। सम्झौता गर्दा उक्त दोस्रो किस्ता रकम वरावरको २०८१ असार मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (पर फरमेन्स बण्ड) पेश गर्नु पर्नेछ। तोकिएको समयभित्र किस्ता रकम नबुझाएमा उक्त ग्यारेन्टीबाट(पर फरमेन्स बण्ड ) किस्ता रकम असुल उपर गरिनेछ। समयमा कवोल अंक जम्मा गरी सम्झौता नगरेमा धरौटी रकम र मू. अ. करको रकम जफत गरी सो भन्दा पछील्लो अंकको कवोल गर्ने बोलपत्रदाता/ सिलवन्दी दाता संग सम्झौता गरि कार्य संचालन गरिनेछ।यसमा ठेकेदारको कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन।

१०. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने सिलसिलेवार नम्बर भएका रसिदहरू आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई सो रसिदहरू यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा ,नक्कली रसिद,छाप र दस्खत प्रयोग गरेको पाइएमा पहिलो पटक रू.५०००।पुन दोहोरिएमा पटकै पिच्छे रू.१०,०००। जरिवाना र धरौटी जफत गरि ठेक्का तोड्न सकिनेछ ।

११. दररेट सहितको साइनवोर्ड सवैले देखे गरी सम्वन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ। तर राष्ट्रिय राजमार्ग वा सहायक मार्गहरूमा यातायात अवरुद्ध हुनेगरी कुनै काम गर्न/ गराउन पाइने छैन।

१२. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ।

१३. तोकिएको न्युनतम अंकमा बढावढ गरी सवै भन्दा बढी अंक कवोल गरेको बोलपत्र दातालाई छनोट गरिनेछ।

१४. प्राप्त बोलपत्र/सिलबन्दी स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षीत रहने छ।

१५. नगरपालिकाको क्षेत्रभित्रको काठ निकासी ठेक्कामा सम्वन्धित डिभिजन वन कार्यालयको चलानीको आधारमा कर असुल गर्नुपर्नेछ।जिवीत पशुजन्य (कुखुरा बाहेक) वनजन्य अन्य उत्पादनको कर असुली गर्दा नगरपालिकामा उत्पादन भै बाहिर निकासी हुने वखतमा मात्र कर असुल गर्नुपर्नेछ।

१६. पूर्ण विवरणको सुचना यस कार्यालयको सुचनापाटीमा टाँस गरिएको छ, विस्तृत जानाकारीका लागि कार्यालय समयमा यस कार्यालयको सम्पर्क नम्वर ०८२- ५४०८५०मा सम्पर्क राख्न सकिनेछ ।

१७. अन्य शर्त तथा वन्देज एवं शुल्क लिने दररेट सम्वन्धि विस्तृत विवरण बोलपत्र फारम/सिलवन्दी दरभाउपत्र फारामका साथ संग्लन रहनेछ।

१८. यस सुचनामा उल्लेख नभएको कुराको हकमा रकम तथा सरकारी ठेक्का बन्दोवस्त ऐन २०२० सार्वजनिक खरिद ऐन २०६३ र अन्य प्रचलित कानून बमेजिम हुनेछ ।

देवेन्द्र प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ, लुम्बिनी प्रदेश, नेपाल